परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ११ २०७७ असोज १८ गते आईतवार Sunday 4, OCT, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## अन्नपुर्ण सोप एण्ड केमिकल इन्डष्ट्रिजका मजदुरहरुद्वारा १६ वर्षपछि तलव र सुविधा माग



विराटनगर । नेपाल कारखाना श्रमिक संघ इकाईकार्य समिति अन्नपुर्ण सोप एण्ड केमिकल इन्डष्ट्रिज दुहवी सुनसरीका मजदुरहरुले पत्रकार सम्मेलन गरी आफुहरुले पाउने तबल, उपदान रकम १६ वर्ष पछि माग गरेका छन् ।

नेपाल कारखाना श्रमिक संघ इकाईकार्य समति अन्नपुर्ण सोप एण्ड केमिकल इन्डष्ट्रिज दुहवी सुनसरीका अध्यक्ष गुलावचन खांले भने सो उद्योगमा करीब २ सय स्थायी कर्मचारी रहेकोमा २०६१ सालमा उद्योग व्यवस्थापक सुवोध अग्रवाल समेत ४ जना दाजु भईलाई बैक ठगी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानको लागि करागार चलान गरे देखि तलव सुविधा आज सम्म भुक्तानी नपाएको गुनासो गरे ।

मजदुरहरुले आफ्नो तलव सुविधा पाउनका लागि श्रम ऐन २०४८ श्रमनियामावली २०५० बमोजिमको कानुनी प्रक्रिया पुरा गरेपनि हरहिसाब पाउनवाट वंचित रहेको भन्दै तलव सुविधाहरु उपलब्ध गराई दिन आग्रह गरेका थिए ।

मगन्तु राम अग्रवाल ग्रुपको सम्पुर्ण धितो राखेको जायजेथा राष्ट्रिय बाणिज्य बैक मार्फत लिलाम विक्री हुने भएको थाहा पाएर मजदुरहरुको सेवा सुविधा सोही जाय जथावाट हुनुपर्ने माग गरेको छ ।

अन्पुर्ण सोप एण्ड केमिकल इन्डष्ट्रिज र नारायण भेजिटेवल इन्डष्ट्रिज प्रा.लि.मा कार्यरत करीब २ सय मजदुरहरुको करीब ४ करोड भुक्तानी लिन वांकी छ । सो उद्योगहरु २०४३ सालमा स्थापना भएका थिए ।

मगन्तु राम अग्रवालका ५ छोराहरु सुवोध कुमार अग्रवाल, सुरेश कुमार अग्रवाल, दामोदर अग्रवाल किसन कुमार अग्रवाल र नारायण अग्रवाल मध्ये नेपालमा सुवोध कुमार अग्रवाल मात्र रहेको अन्य सवै भारत गई सकेको छ ।

राष्ट्रिय वाणिज्य बैकवाट करीब ८७ करोड ऋण लिएको थियो । सोको व्याज हर्जना समेत मगन्तु राम अग्रवालले बैकमा राखेको सम्पतिलाई लिलाल गरी असुल उपर गरीने परिक्रिया बैकले बढाई सकेको छ । त्यसैले मजदुरहरुले पनि मगन्तु राम अग्रवालकै सम्पतिवाट सम्पुण तलव सुविधाहरु पाउनु पर्ने माग गर्दै पत्रकार सम्मेल गरेका छन् ।

## नेकपा बैठक सल्लाह मै स्थगित

काठमाण्डौ । नेपाल सरकारले केहि पहत्वपूण राजनीतिक नियुक्ति र नेकपा पार्टीको विषयलाई लिएर बोलाईएको बैठक प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष केपी शर्मा ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)को सल्लाहमा स्थगित गरिएको छ ।

दाहालका प्रेस संयोजक विष्णु सापकोटा (जुगल)ले बैठक आइतबार बस्ने तर समय भने निर्धारण भइनसकेको जानकारी दिए । सचिवालय बैठकका एजेण्डाको विषयमा थप गृहकार्य गर्नुपर्ने भएकाले पनि बैठक स्थगित गरिएको बताइएको छ । सरकारले गरेको राजनीतिक नियुक्तका विषयमा पार्टीमा केही असन्तुष्टि देखा परेपछि सचिवालय वैठक बोलाइएको थियो ।

त्यसैगरी मन्त्रिपरिषद पुर्णगठन र विस्तार समन्धा पनि दुई अध्यक्षबीच कुराकानी मिल्न सकेको छैन । केही दिनयता दुई अध्यक्षबीच निरन्तर छलफल भईरहेपनि सहमति भने जुट्न सकेको छैन ।

यस अगाडि असोज ४ गते बसेको सचिवालयको बैठकमा मन्त्रिपरिषद पुनर्गठनको सैद्धान्तिक विषयमा सहमति भएको थियो ।

## दुई किशोरीको उद्धार

सुनसरी । सुनसरीको कोशी गाउँपालिका वडा नं. ८ भण्टाबारी स्थित नेपाल भारतको सीमाबाट दुई किशोरीलाई उद्धार गरिएको छ ।

भण्टाबारी स्थित सिमामा खटिएको प्रहरी टोलीले बुधवारका दिन किशोरीहरुको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । साथै दुई किशोरीलाई विभीन्न प्रलोभन देखाएर भारत तर्फ लैजादै गर्ने दुई जनालाई समेत पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सप्तरी कृष्णसवरन गाँउपालिका वडा नं. ४ बनौलीका २९ बर्षीय महम्मद साहिल मन्सुरी र सिरहा लहान नगरपालिका वडा नं. १९ कटाहका २९ बर्षीय जिवछकुमार साह रहेका छन ।

पक्राउ परेका उनिहरुले नजिकैको भारतीय बजार भीमनगर स्थित मन्दिरमा पुजाका लागि भनेर आफूहरुलाई लगेको किशोरीहरुले बताएका छन । पुजारीसँग पुजामा वस्नु पर्ने, पुजामा वसे वापत पारिश्रमिक

वांकी अन्तिम पेजमा...

## १ हजार ५ सय ५० मा कोरोना परिक्षण

बिराटनगर । बिराटनगरस्थित नोबेल शिक्षण अस्पतालले सोमबारबाट पीसीआर परीक्षण सुरु गरेको छ । प्रदेशका ल्याबहरुमा स्वाबको चाप बढेर परीक्षणको रिपोर्ट आउँन ढिलाई भईरहेका बेला नोबेलले सर्वसुलभ मूल्यमा पीसीआर परीक्षण सुरु गरेको हो ।

नोबेलले एक महिना अघि नै पीसीआर ल्याब तयार गरेर परीक्षणको सम्पूर्ण तयारी पुरा गरेको थियो । तर, सरकारी स्तरबाट एक महिना ढिलाई गरी आईतबार परीक्षणको अनुमति प्राप्त भएको हो । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट परीक्षणको अनुमति आएसँगै पीसीआर परीक्षण थालिएको नोबेल शिक्षण अस्पतालका सञ्चालक डा.सुनिल शर्माले जानकारी दिए । 'हामीले पीसीआर मेसिन ल्याएर ल्याब बनाई परीक्षणका लागि एक महिना अघि नै सम्पूर्ण तयारी गरेर अनुमति पर्खिरहेका थियौं ।' डा.शर्माले भने- 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले अनुमति दिएपछि पीसीआर परीक्षण सुरु गरेका हौं ।'

कोरोना परीक्षणका लागि नोबेलले दुई वटा अत्याधुनिक अमेरीकन पीसीआर मेसिन ल्याएको छ । सुरक्षित तवरले परीक्षणका लागि नोबेलले बेग्लै ल्याब निर्माण गरेर पीसीआर परीक्षण थालेको हो । दुई वटा पीसीआर मेसिन भएकाले एक दिनमा दुई हजार स्वाब परीक्षण गर्न सकिने नोबेलका बरिष्ठ ल्याब अधिकृत गणेश कुमार सिंहले बताए । उनका अनुसार ४ देखि ६ घण्टा भित्रै रिपोर्ट दिईनेछ । यता, नोबेलले पीसीआर परीक्षण शुल्क १ हजार ५ सय ५० रुपैयाँ तोकेको छ । यो मूलुककै सबैभन्दा सस्तो पीसीआर परीक्षण शुल्क हो ।

यसअघि सरकारले ५ हजार ५ सय पीसीआर परीक्षण शुल्क तोकेका बेला नोबेल अस्पताल सञ्चालक डा.सुनिल शर्माले २ हजार ४ सय ९९ रुपैयाँमै पीसीआर परीक्षण गर्ने घोषणा गरेका थिए । तर, नोबेललाई परीक्षण अनुमति दिन ढिलाई गरेर सरकारले सोहीबीचमा परीक्षण शुल्क दुई पटक घटाई २ हजार कायम गरेको छ ।

यसबीचमा सरकारले पीसीआर परीक्षण शुल्क ४ हजार ४ सय तोकेको थियो । काठमाडौं मेडिकल

वांकी अन्तिम पेजमा...

## कक्षा ११ को नयाँ भर्ना खुलेको सूचना

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई २०७७ सालमा पनि २५ उतकृष्ठ+२ कलेजहरुमध्ये सातौं स्थानमा पर्न सफल प्रदेश नं. १ कै एकमात्र मेरिल्याण्ड कलेजमा कक्षा ११ को नयां भर्ना सूचारु रहेको विनम्र अनुरोध गरिन्छ ।




मेरिल्याण्ड कलेज
(नेपालकै सर्वोत्कृष्ट व्यवस्थापन कलेज)
रंगेली रोड, विराटनगर
सम्पर्क : ०२१५१५५४०,५७५२७५, ५७०४९२

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.

Email Id: chattdev007@gmail.com

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## जसले...

पालिकाकी एक महिलाले पनि लामो समय झेल्नु परेको घरेलु हिंसाबाट मुक्ति पाएकी छन् ।

१४ वर्षको उमेरमा कञ्चनपुर विवाह गरेकी बिमलाका श्रीमान्ले दोस्रो विवाह गरेपछि सुरु भएका दुःखका दिन उनको सेफ हाउसको यात्रासंगै टुंगिएका छन् ।

श्रीमानले सौता भित्र्याएपछि उनलाई हेला र कुटपिट गर्न थाले । श्रीमान् नै आफ्नो नभएपछि अरुले राम्रो गर्ने कुरै भएन । एकातिर श्रीमान्, अर्कोतिर सौताको दुर्व्यवहारले उनलाई घरमा बस्ने अवस्था भएन । अन्तत : उनी माइती पुगिन् । तर त्यतिबेलासम्म उनको मानसिक अवस्था अस्वस्थ भइसकेको थियो । तर मानसिक रोगको उपचार हुन्छ भन्ने नबुझेको समाजमा उनले आफ्नो पीडा लुकाउदै गइन् । अरुले थाहा पाए सडकमा पठाउछन् भन्ने डरले कसैलाई भनिन् ।

यही बिचमा उनी सेफ हाउसको सम्पर्कमा पुगिन् । त्यहाँ उनलाई लामो समयसम्म परामर्श र औषधिपोचार गरियो । विगतको पीडा भुलाउन सिलाई कटाईको तालिम दिइयो ।

अहिले बिमला विगत जस्तै स्वस्थ छिन् । सिलाईकटाईको काम गर्छिन् । उनको जीवन राम्रैसंग चलेको छ । सेफ हाउसमार्फत पाएको खुशीले उनी दंग छिन् ।

आफ्नैले दिएको पीडाका कारण कुनै बेला आफैलाई यी महिलाहरू त उदाहरणीय पात्र मात्रै हुन् । सेफ हाउसमा पुगेर उनीहरू जस्तै समस्याको गाठो फुकाउँदा पुनर्जीवन पाएका महिलाहरू अछाम जिल्लामा मात्रै एक सय ८४ जना छन् ।

सन् २०१६ देखि हालसम्म संयुक्त राष्ट्रसंघ जनसंख्या कोष (यूएनएफपीए) सुरक्षित गृह (सेफ हाउस) मंगलसेन र एकद्धार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मार्फत सेफ हाउसमा आएका उनीहरू मध्ये सबैभन्दा बढी मानसिक सन्तुलन गुमाएका महिलाहरू थिए ।

मनोपरामर्शदाता पार्वती बोहरा

बाहिर खुल्न नसकेका उनीहरूको अवस्था लामो समयको परामर्श र औषधिपोचार पछि सुध्रिएको परामर्शदाता पार्वती बोहराले बताइन् । उनीहरू मध्ये कोही परिवारमा त कोही समाजमा पुनःस्थापित भएर सहज र सुखी जीवन बाँचिरहेको सेफ हाउस अछामका परामर्शदाता पार्वती बोहराले जानकारी दिइन् ।

परामर्शदाता बोहराका अनुसार आफ्नै घरभित्र सासू, ससुरा, श्रीमान् लगायतले दिने यातना बढ्दै गएपछि, उचित माया र आफ्नोपन नपाएपछि महिलाहरूमा मनोसामाजिक समस्या उत्पन्न हुन्छ ।

यदि सामान्य व्यक्तिमा असाधारण लक्षणहरू जस्तैस एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, डराउने, रुने, कराउने, काप्ने जस्ता लक्षणहरू दुई हप्तासम्म पनि देखिन छोडेनन् भने मानिस मानसिक रोगी हुन पुग्छ । उनको सुझाव छ, 'यदि आफ्नो चिनजान, नातागोता वा कसैमा यस्ता खालका अस्वाभाविक लक्षणहरू देखिए र बढीमा दुई हप्तासम्म निको भएनन् भने देउता लागेको ठान्ने धामीझाँक्रीको भर पर्ने वा अन्य कुरामा विश्वास गरेर समय खेर फाल्नै हुन्न । जति सकिन्छ चाँडो परामर्शदाता र चिकित्सकसंग सल्लाह लिनुपर्छ । र आवश्यकता अनुसार औषधिपोचार गर्नुपर्छ ।

तर अछाममा कुनै व्यक्तिमा यस्ता खालका लक्षण देखिए उसको उपचार गरी सञ्चो बनाउनुको सट्टा पागल भन्दै अपमान र हेला गर्ने र छीछी, दूरदूर गर्ने गरिन्छ ।

परामर्शदाता बोहरा हिंसाको दलदलबाट उम्किन नसकेका, हिंसाविरुद्ध लड्दा लामो समयसम्म न्याय नपाएका, घर समाजबाट बहिष्करणमा परेका, कसैको माया नपाएका, मायामा धोका पाएका महिलाहरूमा मनोसामाजिक समस्या उत्पन्न भई समयमा उपचार नपाउदा मानसिक रोग उत्पन्न हुन्छ । अछाममा महिलाहरूमा यस्तो रोग देखिनुको प्रमुख कारण घरेलु हिंसा नै भएको पाइएको उनको बुझाइ छ ।

सेफ हाउसमा आउने हिंसा प्रभावित महिलाहरू मध्ये पाँच प्रतिशत महिलाहरू पनि छैनन्, जसलाई मनोसामाजिक समस्या नभएको होस् । २०७३ साल असोजमा स्थापना भएको सेफ हाउसमा आएका करिब ३० प्रतिशत महिलाहरूलाई शुरुमै मानसिक रोगको औषधि खुवाउनु परेको र उनीहरू घरेलु हिंसाबाट पीडित रहेको पाइएको उनले बताइन् ।

साथै परामर्शदाता बोहराले तनावका कारण मानसिक रोग लाग्ने भएकाले तनाव व्यवस्थापनका लागी दिएका सुझाव यस्ता छन् ।

- मन मिल्ने व्यक्तिसँग मनको कुरा पोख्ने ।
- हिँडडुल गर्ने, प्राकृतिक वातावरणलाई अवलोकन गर्ने ।
- नियमित शारीरिक व्यायाम गर्ने ।
- नुहाउने ।
- ध्यान गर्ने, प्राथना गर्ने ।
- आफूलाई मन पर्ने गीत संगित सुन्ने ।
- आफ्नो भावना बारे कविता, गजल, दैनिकी तथा लेख लेख्ने ।
- टाढा बसेका साथी वा नातेदारसँग फोनमा कुरा गर्ने ।
- ज्ञानबर्धक पुस्तकहरू पढ्ने ।
- धार्मिक तथा सामाजिक कृयाकलापकमा सहभागी हुने ।
- आफूले गरेका क्रियाकलाप तथा कामहरूका लागि आफूले आफैलाई धन्यवाद दिने ।
- दैनिक केही न केही सकारात्मक काम गर्ने कोशिस गर्ने ।
- मनोरन्जनात्मक कार्यमा सहभागी हुने ।
- पुराना रुढिवादी कुरा जुन वर्तमानमा झुटा साबित भएका छन्, तिनमा विश्वास नगर्ने ।
- हरेक काममा खुशी हुने, । सन्तुष्ट र खुशी बन्न सिक्ने ।
- जीवनका रमाईला क्षणहरू याद गर्ने ।
- काम गराईमा सन्तुलन कायम गर्ने ।
- आफ्नो मनलाई बशमा राख्ने ।

यति गर्दा पनि तनाव व्यवस्थापन गर्न नसकेमा मनोबिमर्शकर्ताको सहयोग लिने ।

(पत्रकार चौधरी थारु र नेपाली भाषाको डिजिटल पत्रिका केर्नी न्यूज डटकम संचालन गर्नुहुन्छ ।)

## १ हजार...

कलेज अध्यक्षको जिम्मेवारीसमेत सम्हालेका डा.शर्माले सरकारले तोकेको भन्दा १ हजार ९ सय कम शुल्क अर्थात २ हजार ५ सय मै केएमसीमा पीसीआर परीक्षण गराएका थिए । अहिले केएमसीमा १ हजार ९ सय ९९ मा पीसीआर परीक्षण हुँदै आएको छ ।

## दुई...

पाउने, आफ्नो केही विमार भएमा ठिक हुने तथा पुजा समाप्त हुना साथ केहि रकम समेत दिलाइ घर फर्काई दिने प्रलोभन दिएका थिए ।

प्रलोभन देखाएर भारत तर्फ लगेको अनुसन्धानका क्रममा खुल्न आएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । पक्राउ परेका उपर मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन २०६४ अनुसार कार्बाही अगाडी बढाईएको उक्त कार्यालयले जनाएको छ ।


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ,

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**ग्रामथान गाउंपालिका**
**मोरंग, प्रदेश नं. १**



## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ,

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।



**जहदा गाउंपालिका, मझारे**
**मोरंग, प्रदेश नं. १**

सूचना सूचना सूचना

२

**श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपुर्तिकर्ता र रोजगारदाता सजग बनौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग








क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### बलात्कार घटनामा पंचायती व्यवस्थाको अन्त गरौं

विश्वमा चलेको कोरोना भाईरस कोभिड-१९ को महामारीको वेला बलात्कार लगायतका महिलाहरुमा हुने घटनाहरुमा वृद्धि भएको छ। कोरोना कारण आम नागरिक घरभित्रै थुनिन बाध्य भएको छ भने कतिको रोजिरोटी गुमेको अवस्था छ । विद्यार्थी, व्यवसायी, गृहीणी, कृषक लगायत सम्पूण पेशा कर्मीहरु नित्य दिन गरीने व्यवहारबाट टाढा भएको छ। परिवारका सदस्यहरू पहिले बिहान बेलुकी मात्रै भेट हुन्थ्यो । अहिले दिनभर घरमै छौं । पहिले महिलाले बिहान र बेलुकी मात्रै काममा जोतिँदा हुन्थ्यो । अहिले बच्चाहरू, श्रीमान, बुढाबुढी, बिरामीहरू सबै घरमा छन् । जसले गर्दा महिलाले २४ सै घण्टा काम गरेको गयैं गर्नुपर्छ। एउटाको चित्त बुझ्छ, अर्कोको बुझ्दैन, चित्त नबुझेपछि पनि घरेलु हिंसा बढेको छ । यहिलेको हिन्सामा भईरहेको पंचायती व्यवस्थाले पिडित झन वन्दै गरेको अवाज समाजमा उठेका छ ।

अहिलेको महिला हिंसामा पीडित हुने बालिका १३ वर्षीय, १२ वर्षीय, १६ वर्षभन्दा मुनिका छन् । स्कुल जाने उमेरका वालिकाहरू छन् । अहिले विद्यालय खुलेको छैन, घर खेती बाबुआमालाई सघाएर बसेका छन् । उनीहरू पनि हिंसाको शिकार भएका छन् । तीस वर्ष पहिले अन्त्य भएको पञ्चायतमा मिलापत्र गर्नु पनि बलात्कारको कारक बनेको छ । एसिड पीडितको जस्तै बलात्कार पीडितको पनि सम्पूर्ण उपचार खर्च राज्यले दिने र क्षतिपूर्तिको व्यवस्था राखौं बलात्कारपछि हत्या भएका घटनाहरू हेर्दा गरिब परिवारका पीडित धेरै छन् । पिछडिएको ठाउँमा बसेका छन् । दुर्गम ठाउँ, विकासको हिसाबले टाढा, रोजगारीमा आवद्ध छैनन् । उत्पादनमा जोडिएका छैनन् । समाजबाट उपेक्षित, सपना ठूलो भएको तर गर्न केही नसकिरहेको निराशा आफ्नो ठाउँमा छ । यस्ताखालका व्यक्तिहरू जो पीडकहरू हुन युवा छन्, किशोर छन् । कोरोनाको कारणले गर्दा विक्षिप्त भावना उनीहरूमा छ । युवाहरूलाई रचनात्मक काममा लगाउन सकेका छैनौं । जसले गर्दा महिला हिंसा समाजमा बढेको छ ।

त्यसैगरी बालात्कारका घटनाहरु समाजमा भएपछि त्यसलाई पैसा र राजनीतिक पहुँचको भरमा दवाउने, पिडितलाई नै धम्क्याउने, लगायतको घटनाहरु समाजमा भई रहेको छ । बलात्कार जस्तो घटनालाई पंचायतको नाममा मिलाउने, घटनाहरुले समाजमा बलात्कारीलाई बढावा दिने गरेको छ । बलात्कारीलाई जोगाउनु भन्दा पनि कानुनी कारवाहीको दायरामा ल्याएमात्र सभ्य समाजको निर्माणको साथै पंचायतमा बसेका अगुवाहरुको छोरी पनि सुरक्षित रहन्छ अन्यथा आज जुन दरिन्दालाई साथ दिन्छौ भोली त्यही दरिन्दाले .समाजका अन्य दिदी वैहिनीलाई डस्न आउंछ । तसर्थ पंचायतवाट मिलाउनु भन्दा पनि बलात्कारीलाई कानुनको दायरामा ल्याई कडा कारवाही गराउनु पर्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** पारिवारिक असमझदारी बढ्नेछ भने महत्त्वाकांक्षी सोचले मन अशान्त रहनेछ। पशुपालनमा सहयोगीहरू जुट्नाले यथासमयमा काम गर्न सकिनेछ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो):** ठीक समयमा सही निर्णय लिन सकिनेछ। पढाई लेखाईमा उत्कृष्ट नतिजाका साथ सफलताको सिंढिहरु चढ्न सकिनेछ।

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह) :** प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। घर ,जग्गा खरिद तथा बिक्रिको योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):** व्सामाजिक तथा न्यायिक क्षेत्रमा संलग्न व्यक्तिहरूले सफलता प्राप्त गर्नेछन्। व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):** तपाईंको राशिबाट बारौं भावमा सूर्यले भ्रमण गर्नाले आर्थिक पक्ष कमजोर हुनेछ। धन प्राप्तिका निम्ति पेसा व्यवसाय एवं स्थान परिवर्तन हुन सक्छ।

**कन्या (टो,प,पी,पु,ष,ण,ठ,पे,पो):** सृजनात्मक क्षमतालाई प्रस्फुटन गर्न सक्नुहुन्छ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते):** अनुहारमा कान्ति र मनमा शान्ति छाउला। अचल सम्पत्ती हातपर्ने योगछ। क्षमता प्रदर्शन गर्ने काममा पदोन्नतिको ढोका खोलिनेछ।

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यु):** प्रेम सम्बन्धमा मधुरता मिल्नेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ।

**धनु (यो,भा,भी,भु,ध,फा,ढ,भे):** स्वास्थ्यप्रति सजकता अपनाउनु पर्नेछ । सामाजिक कार्य गर्दा मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला।

**मकर (भो,जा,जी,जु,जे,ख,खि,खु,खे,गा,गी):** विद्या, बुद्धि र सन्तान सुख मिल्नेछ। अतिथिको रूपमा सत्कार पाइनेछ। प्रणयसम्बन्ध र रतिराग बढाउने समयपनि रहेको छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :** अधिकार प्राप्तिका लागिसंघर्श गर्नु पर्ला। नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। व्यापार व्यवसायबाट आम्दानी हुनेछ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) :** कुनै कारणवश रोकिएको कामलेपनि गति लिनेछ। काम गर्दा आकस्मिक समस्या आइलागेपनि समस्याको हलसमेत निस्कनेछ।

# आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढा (बुढी) को !



कृष्णहरि बास्कोटा

संयुक्त राष्ट्रसंघले सन् १९९१ अक्टोबर १ देखि इन्टरनेशनल डे अफ ओल्डर पर्सन्स (अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस) को घोषणा गरेको हो । नेपालले सन् १९९६ देखि यो दिवस मनाउन थालेको हो । यो वर्ष हामीले ३०औं दिवस मनाइरहेका छौं । यो वर्षको नारा 'महामारीहरु : हामीले जसरी उमेर र वृद्धावस्थालाई सम्बोधन गर्छौं, के तिनले बदल्न सक्छन् ?' भन्ने रहेको छ ।

ज्येष्ठ नागरिकको जनसंख्याः

विश्वमा ६० वर्ष माथिको जनसंख्या १३ प्रतिशत छ भने नेपालमा २०६८ को जनगणनामा ८.१३ प्रतिशत देखिएको थियो । हाल, २०७७ सालमा करिब २५ देखि ३० लाख ज्येष्ठ नागरिक जनसंख्या रहेको अनुमान छ । यो जनसंख्या बढ्दो छ । ज्येष्ठ नागरिकको विश्व जनसंख्या वार्षिक ३.५५ ले बढीरहेको र सन् २०५० सम्ममा करिब २१५ हुने अनुमान छ । सन् २०५० मा ज्येष्ठ नागरिकको कूल संख्या १० वर्ष मुनिका कूल बालबालिकाभन्दा बढी हुनेछ । नेपाली समाज सन् २०३० देखि एजिंग सोसाइटीमा प्रवेश गर्नेछ भने सन् २०५६ देखि एज्ड सोसाइटीमा प्रवेश गर्ने अनुमान रहेको छ ।

ज्येष्ठ नागरिकलाई विश्वव्यापी राहतः

हाल कोरोनाको संक्रमणमा सबैभन्दा संवेदनशील देखिएका ज्येष्ठ नागरिकलाई केन्द्रमा राखी विभिन्न मुलुकले राहतको घोषणा गरेका छन् जसअनुसार राज्य अमेरिकाले कोभिड १९ को राहत स्वरुप प्रतिव्यक्ति १२ सय अमेरिकी डर उपलब्ध गराएको छ । यसैगरी, जापानले १ लाख येन, अस्ट्रेलियाले ७५० डलर, कोलम्बियाले २४० डलर, भारतले भारु १ हजार, अर्जेटिनले ४७ अमेरिकी डलर, सिंगापुरले ६८.५ डलर, ट्युनिसियाले ६८ डलर, टर्कीले २३० डलर, युक्रेनले ३५ डलर र मोनटेंगो ५० युरो उपलब्ध गराएका छन् ।

यसैगरी, यस सन्दर्भमा मासिक भत्ता र पेन्सन एडभान्समा दिनेमा कोष्टारिका, मेक्सिको, पेरु, दक्षिण अफ्रिका छन् भने मासिक भत्ता बढाउनेमा ब्राजिल र उज्वे किस्तान रहेका छन् । यस अवस्थामा भत्ता दिने कार्यलाई खुकुलो तुल्याउनेमा बेलायत र इटाली पर्दछन् भने भविष्यका लागि भत्ता वृद्धि गर्नेमा कोलम्बिया र इन्डोनेसिया रहेका छन् ।

सबै प्रकारका भौतिक संरचनाहरु ज्येष्ठ नागरिक मैत्री तुल्याउनु पर्छ । ज्येष्ठ नागरिकको परिचयपत्र वितरणलाई व्यवस्थित तुल्याउनु पर्छ । ज्येष्ठ नागरिक भै मुलुकलाई योगदान गर्नेलाई वर्षेनी पुरस्कृत गर्नुपर्छ । यसरी ज्येष्ठ नागरिकप्रति सम्मान प्रकट गर्नु हामी सबैको कर्तव्य हो ।

साथै, अतिरिक्त सुविधाको घोषणा गर्नेमा अर्जेटिना, अर्मेनिया र टर्की छन् भने बालबच्चालाई सुविधा बढाउनेमा पोल्याण्ड र साउथ कोरिया छन् । यस अतिरिक्त घरविहीनलाई सुविधा, धाराबत्तीको शूल्क छुट र ज्येष्ठ नागरिकलाई ऋणमाफी गर्नेहरुमा स्पेन, एलसाल्भाडोर र बोलिभिया छन् भने स्वरोजगारलाई सघाउनेमा आयरल्याण्ड, पोर्चुगल, न्यूजिल्याण्ड रहेका छन् । यस क्रममा बेरोजगारलाई सघाउनेमा स्वीट्जरल्याण्ड, कार्यसमय कटौति गर्नेमा न्यूजिल्याण्ड, घोषित सुविधा पाउने सरल ब्यबस्था लागू गर्नेमा स्वीडेन, २ महिनालाई पुग्ने खाद्य सामग्री उपलब्ध गराउनेमा अर्मेनिया, ज्येष्ठ नागरिकलाई औषधि र खाद्यान्न उपलब्ध गराउनेमा रसिया र ज्येष्ठ नागरिकको बीमा गरिदिनेमा ट्रिनिडी एण्ड टोवागो उदाहरणीय मुलुक ठहरिएका छन् ।

नेपाल गरिएको मागः

वरिष्ठ कलाकार मदनदास श्रेष्ठ अध्यक्ष रहनु भएको राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले सरकारसँग कोरोना कहरका समयमा ज्येष्ठ नगरिकका पक्षमा ३ वटा कुरा माग गरेको छ । जस अनुसार पहिलो, नियमित मासिक भत्ता पाइरहेकालाई एक महिनाको भत्ता बोनस देऊ । यस्का लागि करिब रु ५ अर्ब बजेट आवश्यक पर्छ। यसबाट करिब १२१३ लाख ज्येष्ठ नागरिक लाभान्वित हुनेछन् ।

दोस्रो, ६० देखि ७० वर्ष समूहका ज्येष्ठ नागरिकले मासिक भत्ता पाएका छैनन्, तिनलाई एकमुष्ट रु ५ हजार देऊ । यसबाट करिब ८ लाख लाभान्वित हुन्छन् । यस्मा करिब रु ३.५ अर्ब बजेट आवश्यक पर्छ ।

तेस्रो, मुलुकका ११५ वटा बृद्धाश्रममा रहेका करिब २ हजार ज्येष्ठ नागरिकलाई एकमुष्ठ रु १५ हजार दिऊ । यस्का लागि रु ३ करोड बजेट आवश्यक पर्छ ।

ज्येष्ठ नागरिकका अत्यावश्यक सामग्रीः

हाल ज्येष्ठ नागरिकलाई घरबाट बाहिर ननिस्किन आव्हान गरिएको छ । यसर्थ, सरकारबाट निम्न ८ प्रकारका सामाग्री उनीहरुलाई उपलब्ध गराउनु पर्ने विश्वव्यापी मान्यता छ । जस अनुसार पालिकाहरुले (१)कोठा र शौचालयको सफाइका लागि तन्ना, सिरक, रुमाल, साबुन, रुम स्प्रे, लौरो, टर्च लाईट ( २) नियमित सेवन गर्ने औषधि, मल्टिभिटामिन, सिटामोल, रुघाखोकीबाट बचन भिक्स, साइनेक्स, राइनेक्स जस्ता चक्की औषधि, खोकीको औषधि सहितको प्राथमिक उपचार बक्स (३) सर्जिकल मास्क, सेनिटाइजर, पंजा, बाल्टिन, मख, वाटा (४) कोठाभित्र व्यायाम गर्ने सामग्री (५) अदुवा बेसार पानी उमाल्ने विद्युतीय किल्ती, थर्मर, कप, बिस्कुट, हर्लिक्स (६) अत्यावश्यक सूचना सुन्न रेडियो सोको ब्याट्री र इन्टरनेट सुबिधा ( ७) घरभित्रै मनोरन्जनका आवश्यक सामाग्री (८) राहत किट लगायतको अत्यावश्यक सामग्री उपलब्ध गराउनु पर्छ ।

प्रदेशका असल अभ्यासहरुः

प्रदेश १ मा ९० वर्ष माथिका लागि रु ५ हजार सम्मान स्वरुप प्रदान गरिएको छ । सो प्रदेशमा नमूना ज्येष्ठ नागरिक ग्राम बन्दैछ । यहां ज्येष्ठ नागरिक दन्त कार्यक्रम सफल भएको छ । ज्येष्ठ नागरिकसम्बन्धी प्रदेशिक नीति बन्दैछ । यस प्रदेशमा सूचकका आधारमा ज्येष्ठ नागरिकलाई राम्रो पालन पाषण गर्ने परिवारलाई सम्मान गर्ने कार्यक्रम छ ।

प्रदेश २ सरकार ज्येष्ठ नागरिकप्रति गंभिर छ । यस प्रदेशको प्रत्येक जिल्लामा बृद्धाश्रम निर्माण गर्ने योजना छ । आर्थिकरुपमा बिपन्न ज्येष्ठ नागरिकको जिम्मा सरकारले लिनुपर्छ भन्ने प्रदेश सरकारको मान्यता रहेको पाइन्छ ।

बागमती प्रदेशमा ज्येष्ठ नागरिकका बिविध कार्यक्रम संचालनमा छन् । यस प्रदेशले छोरा छोरीको कमाईबाट आमा बाबुले केहि अंश पाउने कानून बन्नुपर्ने र राज्यले सक्नेकै पक्षमा मात्रै होइन, नसक्नेको पक्षमा पनि काम गरेको अनुभूति दिनु पर्ने मान्यता राखेको पाइन्छ ।

गण्डकी प्रदेशले ठूला बृद्धाश्रममा सुसारेको दरबन्दी श्रृजना गर्ने सोच बनाएको छ । यस प्रदेशका अस्पतालमा ज्येष्ठ नागरिक वार्ड बन्नेछ । ज्येष्ठ नागरिकलाई कोभिड १९ को बखत केही दिनै पर्ने भन्ने भावना यस प्रदेशमा रहेको पाईन्छ ।

प्रदेश ५ मा ८४ वर्षमाथिका सबै २०,२२ हजार ज्येष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा दिईएको छ । यस प्रदेशमा जेरियाट्रिक वार्ड सञ्चालनमा आएको छ । ज्येष्ठ नागरिकलाई खाद्यान्न, ग्यास चुल्हो, सिरक डसना, औषधि लगायत उपलब्ध गराइएको छ । यस प्रदेशमा वृद्धाश्रम होइन, खुशियाली घर सञ्चालनमा रहेको छ ।

कर्णाली प्रदेशमा मनमोहन ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालनमा छ । यस प्रदेशले लुम्बिनी लगायतको तीर्थाटनको कार्यक्रम सञ्चालन गरेका छ । यस प्रदेशलाई सडक मानवमुक्त गरिएको छ र ज्येष्ठ नागरिकलाई न्यानो कम्बल, औषधि लगायतको सेवा प्रबाह गरिएको छ ।

सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम लागू छ । यस प्रदेशमा ज्येष्ठ नागरिक चौतारो, मिलन केन्द्र संचालनमा छ ।ज्येष्ठ नागरिकको लालनपालनमा सरकारको अलावा परिवार पनि आफ्नो जिम्मेवारीबाट भाग्न नहुने र ज्येष्ठ नागरिकलाई स्वरोजगार र आत्मनिर्भरताको कार्यक्रम लागू गर्नु कुरा प्रदेश दृढ छ ।

ज्येष्ठ नागरिक भत्ताः

२०५१ सालबाट रु सयबाट आरम्भ भएको सामाजिक सुरक्षा भत्ता हाल स्वास्थ्य उपचार खर्च रु. १ हजार सहित रु ३ हजार छ । वर्तमान सरकारले यसलाई रु ५ हजार पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

कूल ग्राहस्थ्य उत्पादनको ईटालीमा १६ प्रतिशत, फ्रान्समा १४ प्रतिशत तथा भारतमा ४ प्रतिशत बजेट सामाजिक सुरक्षामा छुट्याइन्छ । नेपालमा कूल ग्राहस्थ्य

बाँकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उलबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# बाल्मिकीको सामूहिक बालात्कार पछि हत्याको विषयलाई लिएर विरोध प्रदर्शन

विराटनगर ।, हालै भारतको उत्तर प्रदेशमा भएको एक युवतीको बालात्कार पछि गरिएको निर्मम हत्याको विषयलाई लिएर सिमाक्षेत्रमा विरोध प्रदर्शन भईरहको छ ।

उत्तर प्रदेशमा बढेको अत्याचार र महिलाहरुको सुरक्षा प्रति सरकारको दोहरो रवैयाको विरोध गर्दै हाथरसमा मनीषा बाल्मीकि माथि भएको बालात्कार पछि हत्याको विरोध गर्दै विहार यूथ आर्गेनाइजेशनले स्टेशन चौक फार्विसगंजमा श्रद्धाञ्जली सभाको आयोजना गरी घटनामा संलग्नलाई फाँसीको सजाय दिन माग गरेको छ ।




संगठनको प्रदेश सचीव राशिद जुनैले भने सामुहिक बालात्कार नयां इण्डियामा आम बात भई सकेकोक छ लेकिन एक जिन्दा दिल, सभ्य समाजले त्यसको विरोध गर्नु पर्छ । १९ वर्षको यूवतीलाई चार जना मिलेर सामुहिक वालात्कार गरी हत्या गरिएको थियो ।

बालात्कार पछि युवतीको ढाडको हड्डी भाचिदियो जसले गर्दा ज्यूदो रहेपनि हिन्न नसकोस । जिब्रो काटि दियो जसले गर्दा बोल्न नसकोस त्यस पछि दोपट्टा लिएर घाँटी थिचेर मार्न कोशिष गरियो तर पनि १५ दिन सम्म ज्युदो रही भाईलाई केही भन्न इशारा गरी रहियो । तर अन्तमा बाल्मीकीको मृत्यु भयो ।

सोही घटनालाई लिएर संगठनले सामाजिक कार्यकता, बुद्धिजीवी लगायतको साथ लिएर विरोध सभाको आयोजना गरी एक मिट मौन धारण गर्दै श्रद्धाञ्जली दिदै दोषीहरुलाई फाँसीको सजाय दिन माग गरेका छ ।

कार्यक्रम कोडिनेटर अरमान जट्टले भन्यो बालात्कार घटनाको निन्दा गर्दै भारतमा अजादी आएको ७० साल भएपनि हाम्रो छोरी, बुहारी, बहिनी सुरक्षित छैन । त्यसैले दोषीलाई फाँसीको सजाय दिई घटनालाई गम्भिरता पुर्वक लिन आग्रह गरेका थिए ।

संगठनको अध्यक्ष रेन्सी शमसाद अंसारी सामुहिक वालात्कार त्यसपछि हत्या हाम्रो देशमा मात्रै होईन विदेशमा पनि भई रहेको छ । त्यसैले यस्तो जघन्य अपराधमा संलग्नलाई कठोर भन्दा कठोर सजाय दिई कडा कानुन बनाउनु पर्छ । जसले गर्दा त्यस्तो दुष्कर्म गर्नुभन्दा पहिले हजारौ पटक सोच्न वाध्य होस ।

साथै नासिर अन्सारी, प्रीतम गुप्ता, नवनीत सिन्हा, श्रीकुमार कापत, ज्योति सिंह लगायतले सामुहिक बालात्कारको विरोध गरेका थिए । साही अवसरमा राजा उपर, शोएब अख्तर, मोहम्मद अरबाज, मोहम्मद फारुक, गुलजार, मोकरम, नदीम, अदनान, सैदुर् रहमान, अफताफ , शोएब आलम, नदीम, अपूर्व हेमन्त, आशीष, सोनू आदीको उपस्थिति रहेको थियो ।

## अबैद्ध मदिरा सहित ३ पक्राउ

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. १२ बाट ४५ लिटर घरेलु मदिरा सहित ३ जना मानिसलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङ तथा वडा प्रहरी कार्यालय (क) विराटनगरबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं. १२ स्थित विभिन्न मानिसहरूको घरबाट तयार पारेको घरेलु मदिरा र मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ अन्दाजी ५ हजार लिटर तथा मदिरा बनाउन प्रयोग गरिने विभिन्न भाँडा वर्तन नियन्त्रणमा लिएको छ ।

त्यसैगरी जिल्ला मोरङ विराटनगर १२ बस्ने बर्ष ३० की शान्ता आले, बर्ष ४२ को कृष्ण तामाङ र बर्ष ३० की लक्ष्मी राई समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाईएको छ ।

## जबरजस्ती करणीका प्रतिवादी पक्राउ

विराटनगर । जबर जस्ती करणी मुद्दाका चार जना प्रतिवादी मध्ये दुई जनालाई पहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला मोरंग विराटनगर महानग पालिका वडा नं. ८ का मोहमद सहिद मियाँ र मोहमद असलम मियाँलाई जिल्ला प्रहरी कार्यालय मोरंग बाट खटिएको प्रहरीले असोज ११ गते पक्राउ गरेको हो ।

अन्य दुई प्रतिवादी माहमद फारुक मियाँ र मोहमद हसरत मियां अहिले सम्म फरार रहेको छ । ती चारै जना प्रतिवादीले वर्ष ३३ र २२ की महिलालाई २०७६ साल मंसिर ५ गते जवरजस्ती करणी गरी फरार भएको थियो ।

मिति २०७६ मंसिर५ गते राती अन्दाजी २१:०० बजे जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने अन्दाजी बर्ष २० को मोहमद सहिद मिया, ऐऐ बस्ने बर्ष २५ को मोहमद असलम मिया, ऐऐ बस्ने बर्ष २२ को मोहमद फारूक मिया र ऐऐ बस्ने बर्ष २० को मोहमद हसरत मिया समेतले जिल्ला मोरङ बर्ष ३३ की सांकेतिक नाम विराटनगर महानगरपालिका वडा नं. ८ सुकुम्बासी टोलबाट पक्राउ गरी जवरजस्ती करणी उद्योग अन्तर्गत कारवाही प्रकृया अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## खैरोहिरोईन सहित १ जना पक्राउ

विराटनगर, असोज १२ गते । जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कलेज रोडमा लागु औषध नियन्त्रण ब्यूरो विराटनगर तथा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले खैरो हिरोईन सहित १ जनालाई पक्राउ गरेको छ ।

सवारी साधन चेकजाँच गर्ने क्रममा साईकलमा सवार जिल्ला मोरङ विराटनगर १६ दरैया को रामु मण्डलले लगाएको भेष्टमा रहेको अगाडीपट्टीको गोजीबाट ५ ग्राम ७० मिलीग्राम खैरो हिरोईन सेतो प्लाष्टिकमा पोको पारेको एक प्याकेट रहेको थियो । मण्डललाई नियन्त्रणमा लिई लागु औषध अन्तर्गत अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## आगो...

उत्पादनको करिब २ प्रतिशत मात्रै बजेट विनियोजन गरिएकाले यो अत्यन्त न्यून छ । यसर्थ, यस्तो भत्ता रकम जीवनयापन गर्न पुग्ने बराबरको हुनुपर्छ ।

ज्येष्ठ नागरिक भत्ता बितरणमा उमेर समूहका आधारमा वर्गिकरण गर्नुपर्छ । जस अनुसार ७० देखि ७९ वर्षकालाई मासिक रु ५ हजार भत्ता दिने र सो उमेर समूह माथिका लागि बढि रकम दिनुपर्छ । यस अनुसार ८० देखि ८९ वर्षकालाई मासिक रु १० हजार दिने हो भने यस समूहमा केवल करिब १ लाख ८१ हजार ३१४ जना रहेका छन् । यसैगरी, ९० देखि ९९ वर्षका लागि मासिक रु २५ हजार दिने हो भने यस उमेर समूहमा करिब २६ हजार ७२९ जना छन् ।

यस अतिरिक्त १०० वर्ष र सो माथिकालाई मासिक रु ५० हजार दिने हो भने यस उमेर समूहमा केवल ३,५६६ जना रहेको जनगणनाबाट देखिन्छ । यसर्थ, यसबाट सरकारलाई ठूलो आर्थिक भार पर्ने छैन ।

सामाजिक चेतनाको विकास:

ज्येष्ठ नागरिक प्रति सम्मान दर्साउने विषय स्कुल र कलेजको पाठ्य सामाग्रीमा समावेश गर्नुपर्छ । साथै, आम मानिसहरुलाई बुढेसकाल जीउने कलाको विषयमा तालीम दिनुपर्छ । साथै, ज्येष्ठ नागरिकका परिवारलाई वृद्धावस्था व्यवस्थापन र स्याहार सुसारको तालीम दिनुपर्छ । छोरा छारीको मासिक कमाइको आवश्यक्तानुसार आमा वुवाले १० देखि २५ प्रतिशत पाउने कानुन निर्माण गर्नुपर्छ । ज्येष्ठ नागरिकको सम्पत्तीमा उहांहरुकै आफुखुसी गर्न दिनुपर्छ । ज्येष्ठ नागरिक सम्वन्धी स्रोत केन्द्रको स्थापना र प्रोफाईल तयार गरी उनीहरुको क्षमता राष्ट्र निर्माणमा उपयोग गर्नुपर्छ ।

ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा:

सबै केन्द्रिय र प्रदेशस्तरीय अस्पतालमा ज्येष्ठ नागरिकको उपचारको विज्ञ चिकित्सक सहितको उपकरण, वार्ड र बेडको व्यबस्था गर्नुपर्छ ।सबै अस्पातलमा जेरियार्टिक वार्ड खडा गर्नुपर्छ । ज्येष्ठ नागरिकका लागि आवश्यक मल्टी भिटामिन र क्याल्सियम वितरण गर्नुपर्छ । ज्येष्ठ नागरिककोसबै उपचारमा सरकारी र सामुदायिक अस्पतालमा निशुल्क र निजी अस्पतालमा कम्तिमा ५० प्रतिशत छुटमा सेवा पाउने व्यवस्था गर्नुपर्छ । साथै, ज्येष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा दिने र रु १ लाखको बीमलाई रु १० लाख तुल्याउनु पर्छ ।

वृद्धाश्रम र दिवा सेवा केन्द्रको स्थापना:

आर्थिकरुपमा विपन्न, बेबारिसे तथा बिबिध कारणले घरबार विहीनका लागि निशुल्क वृद्धाश्रमको व्यवस्था गर्नुपर्छ । आम ज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदन प्रदान, मनोरन्जन लगायतका लागि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई मनोरञ्जन एवं शारीरिक योगा तथा व्यायाम गर्नका लागि ज्येष्ठ नागरिक वाटिकार पार्कको स्थापना गर्नुपर्छ। एकीकृत आरोग्य आश्रम खोल्नु पर्छ। ज्येष्ठ नागरिक मिलन केन्द्र, ज्येष्ठ नागरिक चौतारो संचालनमा ल्याउनु पर्छ। ज्येष्ठ नागरिक ग्राम निर्माण गर्नुपर्छ।

ज्येष्ठ नागरिक स्वरोजगार योजना:

कुनै ज्येष्ठ नागरिकले व्यवसाय वा स्वारोजगार गर्ने भए रु ५ लाखसम्मको सरल व्यजदारको ऋण दिने गरी च्यालेन्ज फण्ड खडा गर्नुपर्छ । ज्येष्ठ नागरिकले व्यबसाय गर्न सक्ने गरी बैंक र बीमा कम्पनीहरुसँग सहजिकरण गर्नुपर्छ । ज्येष्ठ नागरिकहरू विभिन्न ज्ञान, सीप र अनुभवयुक्त रहने हुँदा, कुन ज्येष्ठ नागरिकको ज्ञान, सीप र क्षमता के कति छ त्यसको निर्यौल गरी उनीहरुलाई उचित मौका दिनुपर्छ ।

ज्येष्ठ नागरिकको सम्मान गर्ने:

नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको मौलिक हकको व्यवस्था छ । यस्को हुबहु कार्यान्वयन गर्नुपर्छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन अनुसार जेष्ठ नागरिकप्रति सबैले सम्मान गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई कानुनले सार्वजनिक यातायातमा दिएको छुट सुविधालाई कार्यान्वयनमा ल्याउनु पर्छ। सबै प्रकारका भौतिक संरचनाहरु ज्येष्ठ नागरिक मैत्री तुल्याउनु पर्छ। ज्येष्ठ नागरिकको परिचयपत्र वितरणलाई व्यवस्थित तुल्याउनु पर्छ ।

अन्त्यमा, ज्येष्ठ नागरिक भै मुलुकलाई योगदान गर्नेलाई वर्षेनी पुरस्कृत गर्नुपर्छ । यसरी ज्येष्ठ नागरिकप्रति सम्मान प्रकट गर्नु हामी सबैको कर्तव्य हो । अनलाईन खबरवाट ।




**कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ,

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउंपालिका, कर्सिया, मोरंग, प्रदेश नं. १**

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

# कोरोना महामारी, नेकपा विवाद र एमसीसी

कृष्ण कुमार गुप्ता

अहिले सम्पुर्ण बिस्व कोरोना माहामारीको चपेटमा परिसकेको छ। संसारका सबभन्दा शक्तिशाली देश अमेरिकामा सबभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। संसारका सबै देशहरुको अर्थतन्त्र धारासाही भइसकेको छ। नेपाल पनि यो कोरोना माहामारीबाट अछुतो छैन। नेपालमा पहिलो कोभिड-१९ का बिरामी चीनबाट आएको थियो। पछि इटलि र अरु देशहरुबाट पनि बिरामीहरु आएको थियो तर अहिले भारतबाट आएको नेपालीहरु आउँदा संक्रमण ह्वात्तै बढ्यो मृतकको संख्या पनि दुई सयभन्दा बढी पुगिसकेको छ। संक्रमितको संख्या पनि चालिस हजारभन्दा बढी पुगिसकेको छ। प्रत्येक दिन लगभग हजार जना नयाँ संक्रमित थपिँदै छन्। अहिले हट पोइन्ट बनेका प्रदेश नम्बर २ र काठमाडौंको स्थिति झन् बिग्रदै छ। प्रदेश नम्बर २ को सरकार पूर्ण रुपले नाकामयाब भइसकेको छ, संघ सरकारले ओभरटेक गर्ने बेला आइसकेको छ।

नेकपाले अहिले देशको नेतृत्व गरिरहेको छ, धेरै दिनपछि नेपालले स्थायी सरकार पाएको छ, लगभग २/३ का सरकारले देशलाई एउटा नयाँ दिशातिर डोर्याउँदै छ देशले स्वाधिनतालाई ध्यानमा राखी विश्व सामु एउटा महत्त्वपूर्ण देशको रूपमा चिनिदै छ। त्यसकारण विदेशी शक्तिहरु चलखेल गरेर नेकपामा विवाद उत्पन्न गराएको थियो तर नेकपाका दुबै अध्यक्ष दुरदर्शी भएको कारणले विवादलाई कार्यदल मार्फत समाधान गर्नु भयो। अब नेकपाका दुबै अध्यक्षको समझदारीले सरकार र पार्टीलाई अगाडि बढाउने छ र समृद्ध नेपाल र सुखि नेपाली बनाउने छ।

भारत र नेपालको मित्रता धेरै पहिलेदेखि नै छ। विश्वमा नेपाल कुनै देशको गुलाम भएको छैन। जब भारत बेलायतका गुलाम थिए त्यसै बेला भारतबाट बेलायत र नेपालको बीचमा पनि युद्ध भएको थियो जसको अन्त सम्झौता को रूपमा सुगौली सन्धिबाट १८१६ मा भएको हो। सुगौली सन्धि अनुसार भारत र नेपालको सीमा निर्धारण भएको हो। लिपुलेख, लिम्फियाधुरा र कालापानी त्यसै बेलादेखि नेपालको भुभाग हो भन्ने प्रष्ट छ। त्यस सन्धिको अनुसार काली नदीदेखि पश्चिमको भाग भारतको हुने र पूर्वको भाग नेपालको हो भन्ने सर्वविदितै छ। नेपाल र भारतको बीचमा भएको शान्ति सन्धिको अनुसार आवश्यक्ता अनुसार नेपाल र भारतले एक अर्काको भूमि अरु देशसँग युद्ध गर्ने बेला उपयोग गर्न सक्छ। त्यसै अनुसार १९६२ मा भारत र चीनको युद्धको बेला नेपालका ८ ठाउँ मा आफ्नो सैनिक क्याम्प राखेर युद्ध लडेको थियो। युद्ध सक्ने बितिकै अरु ठाउँबाट भारतले आफ्नो सेना फर्काएका थिए। तर लिपुलेख, कालापानी क्षेत्रबाट फर्काएका थिएन। किनभने त्यो ठाउँबाट भारतले हारेको थिएनन्।

नेपालमा विभिन्न आन्दोलनहरु पछि नेपालका सरकारहरुसँग विभिन्न सन्धिहरु जस्तै कोशी सन्धि, गण्डक सन्धि महाकाली सन्धिहरु गराएको पाइन्छ। भारत आफ्नो स्वार्थ अनुसार नेपालको सतामा आधै खेलिरहेको कुरा लुकेको छैन। नेपालमा विभिन्न आन्दोलनहरु गराएर आफ्नो दबदबा कायम राखेको छ। सता समीकरणकै लागि राजनीतिक दलहरुलाई संचालित गर्दै आएको छ। मन्त्री बनाउने प्रधानमन्त्री बनाउने खेलहरु दक्षिणबाट संचालन भाइरहेको सर्बबिदितै छ। त्यसकारण पहिलेका राष्ट्र प्रमुखहरु सीमा विवादबारे पनि मुख खोल्न पाइरहेको थिएन। २०७६ कार्तिकमा जब भारतले कश्मीरको लागि धारा ३७० हटाउँदा र त्यसपछि बनाएको नयाँ नक्सामा नेपाली भूभाग पनि समेटे छ। त्यस बेला नेपाल सरकारद्वारा कुटनीतिक नोट जारी भएको थियो। त्यसलाई अपहेलना गर्दै भारतले एकतर्फी बनाएको बाटोको उद्घाटन गर्दा यो विवाद सतहमा आएको हो। अहिलेको नेकपाको ओली सरकारले आफ्नो सरकार को परबाह नगरी आफ्नो मिचिएको भु-भाग फिर्ता गराउने कदम चालिएको छ। नेपालीहरुले गर्व गर्ने समय आएको मान्न सकिन्छ। आफ्नो मिचेको भू-भाग समेटेर जारी गरेको नक्साले गर्दा भारत तरंगित भएको छ।

नेपाल पञ्चशीलको सिद्धान्त मान्ने देश हो कुनै पनि देशसँग हामी लडाइँ गर्दैनौं सबैसँग मित्रता राख्ने देश हो। हाम्रो अर्को छिमेकी चीनसँग पनि हाम्रो मित्रता प्रगाढ भइरहेको बेला अमेरिकी सहयोग कार्यक्रम एमसीसी पनि सदनबाट पास गराउनु पर्छ। जस हिसाबले करिब ६० अर्बको सहयोग भित्र्याउनु पर्छ। यसले गर्दा नेपाललाई बिकासको क्रममा आगाडि लानु पर्छ। जलविद्युतको अत्यधिक क्षमता भएको हुँदा त्यसलाई सदुपयोग गर्न एमसीसी अपरिहार्य छ। नेकपाको कार्यदलले परिमार्जनसहित एमसीसी पास गर्ने सुझाव अपरिहार्य छ।

(लेखक नेकपा प्रदेश २ कमिटी सदस्य) (मधेश दर्पण फिचर सेवा)

# ग्यासटिकको घरेलु उपचार

खानपानमा ध्यान नपुग्दा शरीरमा धेरै समस्या उत्पन्न हुन्छ। खानपानकै कारण अधिकांश नेपालीमा पेटसम्बन्धी रोग छ। त्यसमा पनि ग्यास्ट्रिकको समस्या धेरैमा छ।

अधिकांश नेपालीलाई पीडित बनाउने ग्यास्टिकलाई घरेलु उपचार र खानपानबाटै निको पार्न सकिन्छ। यदी तपाईं पनि ग्यास्टिक पीडित हो भने निम्न कुरामा ध्यान दिनुहोस् :



यसरी बनाउनुहोस घरेलु औषधी

-दुई चम्चा ताजा एलोभेरा जेल

-एक गिलास पानी

कसरी प्रयोग गर्ने ?

-एलोभेरा जेललाई पानीमा राम्रोसँग मिसाएर पिउने।

कतिपटक प्रयोग गर्ने ?

- तपाई दिनभरमा एक देखी दुई गिलास पिउन सक्नुहुन्छ।

कसरी फाइदा पुर्याउँछ ?

- पेटमा ग्यास भरिने गर्दा जलन हुन्छ, यसलाई समाधान गर्न सबैभन्दा उत्तम उपाय एलोभेरा जेल रहेको छ। एलोभेरामा एन्टीइम्फ्लेमेटरी गुण रहेको हुन्छ।

जसले पेटमा हुने ग्यास भरिएर पेट पोल्नबाट बचाउँछ। यसका साथै यसले एन्टीसेप्टीक एजेन्टी पनि रहेको छ, जसको काम संक्रमण फैलाउने ब्याक्टेरियालाई मार्ने गर्छ। ग्यासको समस्याबाट छुटकारा पाउनको लागि एकपटक यो उपाय अवश्य प्रयोग गर्नुहोला।


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,

ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,

घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,

ग) पखाला लाग्नु, घ) बान्ता हुनु,

ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,

छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,

ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,

ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,

ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,

च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**कटहरी गाउंपालका**
**मोरंग, प्रदेश नं. १**


# आईपीएल खेलमा सट्टेबाजी खेल्ने र खेलाउने पक्राउ

विराटनगर, असोज १४ गते। भारतमा चलि रहेको इण्डिय प्रियमियर लिक भई रहेको वेला कुन टिप जित्ने तथा कुन टिम हार्ने विषयमा सट्टावाजी गर्ने विराटनगरका तीन जना पक्राउ परेका छन्।



विषेश सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरंगवाट खटिएको प्रहरी टोलीले १३ गते मंगलवारका दिन विराटनगर महानगर पालिका वडा नं. १५ का मुन्ना भन्ने सत्यजित साहलाई घरवाटै पक्राउ गरेको हो।

साहले आफ्नै घरवाट मोबाईल फोनवाटै कुनै टिप हार्ने जित्ने भन्दै सट्टावाजी गरी रहेकै अवस्थामा नियन्त्रणमा लिएको थियो।

मोरङ विराटनगर महानगरपालिका वडा नं. १७ रानी बस्ने जगदिश साह र वडा नं. १५ रानीको बैजनाथ साहलाई पकराउ गरिएको छ। सत्यजित साहको साथबाट निलो रंङको सेमसुङ कम्पनीको मोबाईल थान-१, नेपाली दरका विभिन्न रुपैयाँ रु ६० हजार र डेल कम्पनीको ल्यापटप थान १, जगदिश साहको साथबाट सेमसुङ कम्पनीको मोबाईल थान-१ र आर १५ मोटर साइकल थान १ र वैजनाथ साहको साथबाट सेमसुङ कम्पनीको मोवायल थाना-१ बरामद गरिएको छ।

तीनै जना उपर जुवा वा सट्टे बाजी खेल मुद्दा अन्तर्गत थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय रानीले जनाएको छ।

## कुटपीट गर्दा एकको मृत्यु

विराटनगर, असोज १३ गते। उर्लावारी नगरपालिका वडा नं. ७ मा रहेको एक होटल संचालकको कुटपीटवाट एक जनाको मृत्यु भएको छ।

घटनाको विवरण अनुसार भारत घर भई हाल उर्लाबारी वडा नं. ७ स्थितमा बस्दै आएका ३५ बर्षीय शुसिल मल्लिकको कुटपिटबाट मृत्यु भएको हो। मल्लिकलाई होटल संचालन गरी बस्ने २६ बर्षीय गोपाल तामाङले कुटपिट गर्दा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

गत आईताबार मल्लिक होटलमा खाजा खान गएको अवस्थामा गोपाल र उनी विच बादविबाद हुँदा गोपालले एक्कासी उनलाइ कुटपिट गरी होटल वाहिर निकाल्न खोज्दा मल्लिक भुईमा लडी वेहोस भएका थिए।

वेहोस भएका मल्लिकलाई स्थानीय अस्पतालमा उपचार हुन नसकी भारतको सिलिगुडीमा लगी उपचार गराईरहेकोमा उपचारकै क्रममा उनको आज मृत्यु भएको उक्त कार्यालयले जनाएको छ। यता कुटपिट गर्ने होटल संचालक गोपाल तामाङ लाई पक्राउ गरी कानुनी कारबाही अगाडी बढाईएको छ।


## स्वच्छ खाद्य उपभोगका लागि अनुरोध

- प्याकिङ्ग भएको खाद्य पदार्थको बाहिरी आवरणमा लेवलमा खुलाउनुपर्ने उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना आदि हेरेर मात्र खरीद गरौं। साथै उपभोग्य मिति नाघेका खाद्य पदार्थ खरिद नगरौं।
- अखाद्य रंग प्रयोग भएका/अत्यधिक रंग प्रयोग भएका रङ्गीचङ्गी मिठाई लगायतका खाद्य पदार्थ खरीद नगरौं।
- सडेगलेका, झिंगा भन्केका, खुल्ला (नछोपी) राखेका फोहर ठाउा तथा विषाक्त अवस्थामा तयार पारिएका धुलो पर्ने स्थानमा राखेका खानेकुराहरु खरिद तथा उपभोग नगरौं।
- पाकेट फूटेका, खिया लागेका बट्टामा रहेका खानेकुरा, ढुसी परेका, किरा लागेका, डल्ला परेका, अस्वाभाविक, गन्ध आउने खाद्य पदार्थको प्रयोग नगरौं।
- तेलमा तारका पकाएका खानेकुरा खाादा पत्रपत्रिकामा राखि खाने बानी नगरौं।
- ताजा र स्वच्छ खाद्य बस्तुको उपभोगमा ध्यान दिऔं।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा समस्या भएमा कार्यालयमा गुनासो/उजुरीको माध्यमबाट जानकारी गराऔं।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर, मोरंग**
**सम्पर्क फोन नं. ०२१४७०२२१, ४७०८२८**
**इमेल : rftqcobrt@gmail.com**



## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,

ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,

घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,

ग) पखाला लाग्नु, घ) बान्ता हुनु,

ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,

छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,

ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,

ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,

ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,

च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**सुनबर्सि नगरपालिका, डाईनिया,**
**मोरंग, प्रदेश नं. १**

# जसले नयाँ जीवन पाए

**कालीमैया चौधरी (उन्नती)**

कैलाली । संगै मर्ने र संगै जिउने कसम खाएका श्रीमानले हरेक काम कुरामा खोट देखाउदै चोट दिन थाले । आमा समान मानेकी सासूको विनासित्तिको टोकसोको त झन् के कुरा गर्नु र !

पहाडको ठाउँ, पाखुरा नबजाएर पेट पाल्न मुस्किल । टाढाटाढा पुगेर खेतबारी, बस्तुभाउ र दाउरा घाँस गर्नै पर्ने । त्यसैमाथी दिनभरी थाकेको शरीरले सधैंजसो श्रीमान् र सासूको कुटाई सहनु परेपछि अन्तत: अछामको तुर्माखाद गाउँपालिकाकी उनको मानसिक सन्तुलन नै गुम्यो ।

उनी एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, डराउने, रुने, कराउने, काप्ने गर्न थालिन् । बिहे गर्दा सामान्य अवस्थाकी उनमा दिनदिनै यी समस्या बढ्दै जादा परिवारको माया र स्नेह भने झन्झन् कम हुँदै गयो ।

उनमा यस्तो समस्या आउनुको कारण खोतल्दा भनिन्, 'आफ्नाइ बैकानले हेला गऱ्यापछि अरुले पन हेप्न्या रैछन् । क्या भयोभयो, मेरै दशा खराब (आफ्नै श्रीमान्ले हेप्यो भने अरुले पनि हेप्ने रहेछन् । के भयोभयो, मेरै भाग्य खराब) । उनले श्रीमान् र परिवारको निरन्तरको कुटाई र हेपाईले आफ्नो यो हालत भएको उनले बताइन् ।

मरिमरी काम गर्दा, के राम्रो के नराम्रो, के गर्ने के नगर्ने छुट्टाउन सक्ने स्वस्थ अवस्थामा त श्रीमानको घरमा रुचाइनन्, मानसिक सन्तुलन बिग्रेपछि त झन् कस्ले रुचाउनु र ? आज सुध्रिएलान्, भोलि सुध्रिएलान् भनिएका व्यवहारहरू झन्झन् क्रुरूर हुँदै गए । श्रीमानको घर उनका लागि नर्क समान हुन थाल्यो । उनको यस्तो मानसिक अवस्थाका कारण श्रीमानको घरमा उनीमाथि असुरक्षा देखेपछि छिमेकी स्वयम्सेविकाले गत भदौ महिनामा उनलाई जिल्ला सदरमुकाम मंगलसेनमा रहेको माइती जाने सल्लाह दिइन् ।

छोरीको अवस्था बारे माइतीलाई थाहा रहेनछ । उनलाई देखेर माइती निकै दु:खी भए । देउताका कारण यस्तो भएको अड्कल काटियो । उनको अवस्था सुधारका लागि आफूले जानेबुझेका धामीझाँक्रीकोमा लगियो । तन्त्रमन्त्र, झारफुक केही बाँकी राखिएन । तर पनि उनी पहिलाको अवस्थामा फर्किन सकिनन् । एकोहोरो टोलाइरहने, बर्बराउने, आत्महत्या गर्न खोज्ने, रुने, कराउने, काप्ने गर्न छाडिनन् ।

धामीझाँक्रीको पछि लाग्दा उनलाई निको हुने कुनै लक्षण देखिएन । माइती पक्ष पनि निरास हुँदै थिए । एक जना अधिकारकर्मीले उनका आमाबुबालाई मानसिक समस्या भएको हुन सक्ने र त्यसका लागि सदरमुकाममा रहेको सुरक्षित गृह (सेफ हाउस) ले उपचारमा सहयोग गर्ने गरेको बताइन् । उनी अधिकारकर्मीको सहयोगमा सेफ हाउस पुगिन् । उनको अवस्था र लक्षण देखेर सेफ हाउसकी परामर्शदाता पार्वती बोहराले उनलाई देउता लागेको नभई, मानसिक रोगको उपचारको खाँचो रहेको राय सुझाव दिइन् । र सेफ हाउसकै पहलमा जिल्लाको न्याय हेल्थ अस्पताल बयलपाटा पुऱ्याएर उपचार थालेपछि बल्ल आफू निन्द्राबाट बिउझिए झैँ भएको उनले बताइन् ।

'त्यो पीडा त सुनाएर साध्य छैन मिस । कति कुटाई खाएँ, कति गाली पाएँ, भनेर केही फाइदा छैन । मेरो जस्तो दु:ख शत्रुलाई पनि नहोस' उनको विगत कोट्याउदा गला अवरुद्ध पार्दै उनले सुनाइन्, 'बाचिन्छ भन्ने लागेकै थिएन । सेफ हाउस भगवान बनेर आएछ ।' अहिले आफूलाई सञ्चो भएको पाउँदा निकै खुशी लागेको उनले बताइन् ।

सेफ हाउसको सहयोगमा उनलाई नियमित औषधि र परामर्श शुरु गरेपछि सञ्चो भएको र उनी औधी खुशी भएको परामर्शदाता पार्वती बोहराले बताइन् ।

अछामको मंगलसेन नगर पालिकाबाट जिल्लाकै तुर्माखाँद गाउँपालिकामा प्रेम विवाह गरेकी २३ वर्षीया उनले नागरिकता र विवाह दर्ता गर्न माग गरेपछि श्रीमान् र सासूको यातना शुरु भएको स्मरण गरिन् । त्यही कुरालाई लिएर बढेको चोटले आफूलाई पूर्ण रुपमा मानसिक रोगी बनाएको उनले बताइन् ।

उनी यतिखेर शारीरिक र मानसिक रुपमा पूर्ण स्वस्थ छिन् । नियमित औषधि सेवनका कारण अवस्था सुधार हुँदै गएको छ । उनको अवस्था राम्रो हुँदै गएको थाहा पाएपछि विगतमा अपमान गर्ने ससुरा उनलाई घर फर्किन भन्दै उनको माइती पुगे । आफूहरूबाट गल्ती भएको र आफूहरूकै टोकसोले गर्दा उनलाई देउता नभई रोग लागेको स्वीकार गर्दै उपचार गरेर सामान्य अवस्थामा ल्याइदिने सेफ हाउसलाई धन्यवाद दिए ।

गाउँघरमा धामीझाँक्रीको काम गर्दै आएका उनका ससुराले उनी, उनका माइती र सेफ हाउससंग अबदेखि गल्ती नदोहोरिने प्रतिवद्धता गरे । उनले सेफ हाउसबाटै आफूसंग डेढ वर्षदेखि सम्पर्कमा नरहेका श्रीमानलाई भारतमा फोन गरिन् । उनले पनि गल्ती स्वीकारे । र चाँडै घर फर्किने बताए । माइतीको पहलमा सेफ हाउसले तीन महिनाको औषधि दिएर चैत्र महिनामा उनको विदाई गऱ्यो ।

उनी आफ्नो र नाबालक छोरीको हेरचाह आफै गर्न सक्ने र सहजै भन्न बोल्न सक्ने भएकी छन् । सेफ हाउसकी परामर्शदाता बोहराले भनिन्, 'केही समस्या भयो, तलमाथि भयो भने सिधै मलाई फोन गर्न भनेकी छु । अहिले ठिकै छ होला ।'

मंगलसेन नगरपालिकाकै एक महिलाले पनि मदिरा सेवन गरेर दिनहुँ कुट्ने श्रीमानबाट कुनै दिन मुक्ति पाइएला भन्ने सोचेकै थिइनन् । २०५५ सालमा १५ वर्षको उमेरमा चिनजानकै व्यक्तिसंग बिबाह भएपछि चार छोरी जन्माएकी उनले छोरा नजन्माएको निहुँमा त कति हेला सहनु पऱ्यो पऱ्यो ।

श्रीमान् केही काम नगर्ने । श्रीमतीले मजदूरी गरी कमाएको दुई चार सय रुपैयाँ पनि रक्सीमा उडाउने र सधैं श्रीमती कुट्ने । छोरीहरूमाथिको टोकसो पनि उस्तै । गरिवी र अभावसंगै श्रीमानको यातना पनि कम नभएपछि उनले श्रीमानसंग छुट्टिएर छोरीसंगै अलग बस्न थालिन् । अहिले उनी श्रीमानसंग छुट्टिएको र उनको शरीरले चोटबाट मुक्ति पाएको सात वर्ष भो ।

'ती दिन सम्झिदा अहिले पनि दिमागले काम गर्दैन' उनले भनिन्, 'दारुको मात चढेपछि सबै रिस मेरैमाथि पोख्थे । हुँदै नभएका आरोप लगाउँथे । मरौं कि बाँचौं हुन्थ्यो !

उनी छुट्टै बस्न थालेपछि श्रीमानले दोस्रो विवाह गरेर भारत हिंडे । त्यसपछि चार छोरी र उनको जीवनमा झन् धेरै दु:खका दिन आए । खाने, लाउने र छोरी पढाउने बारे जहिल्यै अभाव भइरहन्थ्यो । दिनभरी मजदूरी गरेको पैसाले पुग्ने कुरै भएन । त्यो बेला कयौं दिन भोकै बसिन् उनी ।

एकातिर छोरी पाल्ने, पढाउने चिन्ता, अर्कोतिर गरिवी । अति गरिवीसंग जुध्दै सबै भूमिका एकल रुपमा निर्वाह गर्नु परेपछि उनलाई विगतको पीडा झन् बल्झिन थाल्यो । उनले आफूलाई सम्हाल्न सकिनन् । आफू मानसिक रुपमा पनि ठिक नभएको महसूस गर्न थालिन् । तर सामाजिक वहिष्करणको डरले लामो समय आफ्नो समस्या खोल्न सकेकी थिइनन् । मनको पीडा कहाँ पोखौं भन्ने कुरा उनको मनमै खेलिरहन्थ्यो । यहीँ बीचमा अरुको सहयोगले मंगलसेनमा रहेको सेफ हाउसमा पुगेकी उनको अवस्था अहिले विगत जस्तो छैन ।

सेफ हाउसले उनको मानसिक अवस्था बुझेर मनोसामाजिक सेवा दियो । औषधिपोचार र पराशर्म शुरु गरेपछि उनी पहिलेकै अवस्थामा फर्किइन् । यतिबेला उनी उपचारसंगै सेफ हाउसमार्फत उपलब्ध गराइएका बाखा पालन गरेर छोरी पढाउने र घरको सबै खर्च आफै धान्ने भएकी छन् । अब भने उनलाई न त विगतमा रक्सी खाएर दिनरात कुटपिट गर्ने श्रीमान्को बारेमा सोचेर पीडा हुन्छ, न त सानोतिनो घर खर्चको । आफू सञ्चो भएपछि छोरीहरूसंग सन्तोषको सास फेरिरहेको उनले बताइन् ।

अछामको साँफेबगर नगर

वांकी अन्तिम पेजमा...




# लागुऔषध र नगद बरामद

सुनसरी । सुनसरी धरान उपमहानगर पालिका वडा नं. १ पुरानो बजार स्थितबाट दुई जना लागुऔषध सहित पक्राउ परेका छन ।

पक्राउ पर्नेमा २३ बर्षीय गणेश राउत र ४३ बर्षीय निरज भट्टराई रहेका छन । विशेष सुराकका आधारमा विहीवार ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई उनिहरुकै कोठाबाट नियन्त्रणमा लिएको हो ।

नियन्त्रण पश्चात उनिहरुको कोठामा खानतलासी गर्दा लुकाई छिपाई राखीएको २० बोतल डाइलेक्सडिसी, ३ सय ६ क्याप्सुल स्पामो टोक्सिभन, ४ क्याप्सुल नाईट्रोजन र नगद ९७ हजार रुपैया समेत फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

पक्राउ परेका दुबै जना सोही स्थानमा कोठा भाँडा लिएर बस्दै आएको खुल्न आएको छ । उनिहरु उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ ।

# खैरोहिरोईन ब्राउनसुगर सहित तीन भारतीय पक्राउ

झापा । झापा कचनकवल गाउँपालिका वडा नं. १ बगान एरिया र गौरीगंज गाँउपालिका वडा नं २ दासचौरीबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित तीन जना भारतीय नागरिक पक्राउ परेका छन ।

बगान एरियाबाट पक्राउ पर्नेमा भारत बिहार किशनगंज सुखानाडिगी पदमपुरका ३२ बर्षीय फरबेद आलम रहेका छन । विहीवार विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले आलमलाई प्लाष्टिकमा लुकाइ छिपाई राखेको १४ ग्राम ८९ मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

त्यसै गरी गौरीगंजबाट पक्राउ पर्नेमा भारत किसनगंज सिंहमारी ग्रामपंचायतका २० बर्षीय मुजफर आलिग र २५ बर्षीय जहागिर आलम रहेका छन । उनीहरुलाई दासचौरी स्थितमा खटिएको प्रहरी टोलीले विहीवार राती ८ ग्राम २०० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका तिनै जना भारतिय नागरिक उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**रंगेली नगरपालिका, रंगेली, मोरंग, प्रदेश नं. १**

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०